ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स
साप्ताहिक

JANATA TIMES WEEKLY

पृष्ठ ३ मा



गर्भावस्थामा बच्चाको मुटुरोगबारे गरिने जाँच

❑ वर्ष-१० ❑ अङ्क-२५, २०७५ कात्तिक ३ गते, शनिबार Oct.20, 2018 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या ६

## सवारी दुर्घटनाको भयावह अवस्था

फत्तेपुर / सप्तरीको कञ्चनपुर-फत्तेपुर सडकखण्डअन्तर्गत कञ्चनरुप नगर पालिका- १ स्थित पडेमारामा असोज २३ गते को१०प ६०९ नम्बरको मोटर साइकलको ठक्करबाट ६० वर्षीया सुगावतीदेवी साह घाइते भइन।

गम्भीर घाइते भएकी साहको विराटनगरस्थित गोल्डेन अस्पतालमा उपचारकै क्रममा २५ गते मृत्यु भया। त्यसको भोलिपल्टै सोही सडकखण्डमा तीनजना सवार कोदप २४३४ नम्बरको मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना भयो। घटनामा कञ्चनरुप नगरपालिका- ४ का मोटरसाइकल चालक १५ वर्षीय उमंग लेखी तथा पछाडि बस्ने रिकेश दास र १६ वर्षीय उज्वल दास घाइते भए।

चालकको अवस्था सामान्य रहे पनि पछाडि बस्ने दुईजनाकै अवस्था चिन्ताजनक रहेको इलाका प्रहरी कार्यालय कञ्चनपुरका इन्स्पेक्टर प्रतीक विष्टले जानकारी दिए।

सप्तरीमा पछिल्लो समय सवारी दुर्घटनाको अवस्था भयावह बन्दै गएको छ। हरेक दिन एउटा न एउटा दुर्घटना हुने गरेको इन्स्पेक्टर विष्ट बताउँछन् त्यसमा पनि मोटरसाइकल दुर्घटनाको अवस्था निकै ठूलो छ। गत असारयता मात्रै सप्तरीमा १४ वटा मोटरसाइकल दुर्घटना भएका छन्।

यस अवधिमा भएका २६ वटा दुर्घटनामा ३९ सवारी साधन क्षति भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय शम्भुनाथले जनाएको छ। विगत तीन वर्षको तथ्यांक हेर्दा मोटर साइकल दुर्घटनाको अवस्था अझै भयावह छ।

यस अवधिमा सप्तरीमा मोटर साइकल मात्रै ६ सय २९ वटा दुर्घटनामा परेका छन हरेक वर्ष यो संख्या वृद्धि भइरहेको छ। आव ०७२/७३ मा १४६, आव ०७३/७४ मा २ सय ३९ र आव ०७४/७५ मा २ सय ४४ वटा मोटरसाइकल दुर्घटनामा परेका थिए।

ट्राफिक प्रहरी कार्यालयका अनुसार अन्य सवारी साधनको तुलनामा मोटरसाइकल दुर्घटना अधिक हुने गरेको छ। मोटरसाइकल दुर्घटना बढेपछि ट्राफिक प्रहरीले मोटरसाइकललाई विशेष निगरानी पनि गरिरहेको छ।

निगरानीका क्रममा गत साउन र भदौमा मात्रै १ हजार ९ सय ७९ मोटरसाइकल कारबाहीमा परेका छन जसबाट १० लाख ७५ हजार रुपैयाँ जरिवाना असुल गरिएको थियो।

विगत तीन वर्षभित्र २२ हजार ५ सय ८८ मोटरसाइकल कारबाहीमा परेको ट्राफिक प्रहरीले जनाएको छ। आव ०७२र७३ मा ६ हजार ९ सय

बाँकी अन्तिम पृष्ठमा

## सप्तरीका बाढीपीडितलाई दशैं आएन



**जनता सम्वाददाता**

सप्तरी /चारैतिर बडादशैंको उल्लास चलिरहँदा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका बाढीपीडितहरुलाई भने हर्ष नविस्मात झैं भएको छ।

गत भदौ महिनाको दोश्रो साता सप्तकोशी नदीको पानीले करिब ३ सय घर डुबानमा परेर क्षति पुर्याएपछि बाढी पीडित बस्तीमा दशैंको उमङ्गले छुन सकेको छैन। भारतले कोशी योजना अन्तर्गत ब्यारेजको दक्षिणतर्फ सप्तकोशी नदीको मुलधारलाई पाइलट च्यानलका माध्यमले पश्चिमतर्फ फर्काएपछि घर डुबान भएका हनुमाननगर कंकालिनी नगरपालिका वडा नं.-५, ७, ११ र १२ का ती परिवार दशैं मनाउनुभन्दा पनि छाक टार्ने चिन्तामा छन्।

चारैतर्फ दशैंको उत्साह छाएको अवस्थामा आफुहरुलाई कसरी छाक टार्ने भने चिन्ताले सताएको बबिता देवी मुखियाले बताईन्। बाढीले भत्किएको घर देखाउँदै उनले भनिन् 'हामीलाई दशैं आएको अनुभूतिसम्म गर्न पाएका छैनौं, घर भत्किएकै छ, जेनतेन जोडजाम गरेर चुलो

बाँकी अन्तिम पृष्ठमा

हार्दिक मंगलमय शुभकामना

बडा दशैं, तिहार तथा छैठ-२०७५को पुनित अवसमा सुख् शान्ति, सम्वृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।

शम्भु खड्का (अध्यक्ष) विकास कार्की (ब्यबस्थापक) एवं त्रियुगा सहकारी संस्था लि

सप्तकोसी १ फतेपुर परिवार

अव धरान विराटनगर धाउनु पर्दैन

यदि तपाईंलाई दातको कुनै पनि समस्या भएमा सदैब हामीलाई सम्झनुहोस। हामी तपाईंको सेवामा तत्पर छौं।

हाम्रा सेवाहरु

दात सफा गर्ने, दातमा सिमेन्ट भर्ने, दातमा आर.सि.टि.गर्ने, नयाँ दात लगाउने, नमिलेको दात मिलाउने, दात फुकाल्ने, गिजा सुनिने, दातबाट रगत आउने, मुख गनाउने मुख भित्रका घाउ खटिराहरूजस्ता सम्पुर्ण समस्याको उपचार घोपा क्याम्प धरानका डाक्टरहरूद्वारा गरिनुका साथै दातको एक्स-रे साथै सल्यक्रियासमेत गरिन्छ।



प्रो.पपुलर चौधरी

सप्तकोसी डेन्टल क्लिनिक

सप्तकोसी नगरपालिका १ फत्तेपुर बजार लाइन

सम्पर्क: ९८४९१५१५८३ र ९८१७३०९४४७

publicnews8@gmail.com/ 9852047779/9852065409

LOG ON... www.janatimes.com

लोकप्रिय डिजिटल मिडिया jt janatimes

विचार, मनोरञ्जन, स्वास्थ्य, राजनीति, समाजबारे छिनछिनमा समाचार

## सप्तरीका...

बल्दैछ ।'

बाढीले अधिकांश परिवारको घर समेत क्षतिग्रस्त भएर लत्ताकपडा, ओढ्ने, ओछ्याउने र खाद्यान्न सवै बाढीमा परेपछि किनमेल गर्ने कुरा त परै जाओस् आफुहरुले अहिलेसम्म दशैंको उल्लास बस्तीमा नरहेको अर्का बाढीपीडित लक्ष्मी मुखियाले बताए । 'कतैबाट सहयोगसम्म पाएको छैन, हामी बाढीपीडितको दशैं यसवर्ष यस्तै बित्ने भो' उनले भने 'बालबच्चाका लागि त नयाँ लुगा, मीठो खानेकुरा खान दिनैपर्‍यो, तर भए पो व्यवस्था गर्ने ।'

बाढीले घर भत्किएका कारण त्रिपालको छाप्रो र आफन्तकोमा बसेर केहि दिनअघि मात्रै घर फर्किएका कतिपयले भने यसपालिको दशैं मनाउने सोच नै मरिसकेको अर्का बाढीपीडित कोशी रा उनले बताईन् । हर्षोउल्लासका साथ दशैं मनाउने आफुहरुलाई समेत इच्छा हुँदाहुँदै पनि आर्थिक अभावका कारण बाढीले भत्किएको घर बनाउने कि दशैं मनाउने चिन्ताले पिरोलिएको उनले दुःखेसो सुनाईन् ।

## सवारी...

८४, आव ०७३र७४ मा ७ हजार ३ सय ६६ र आव ०७४र७५ मा ८ हजार २ सय ३८ वटा मोटरसाइकललाई कारबाही गरिएको छ ।

मोटरसाइकलसँगै सप्तरीमा अन्य सवारी साधनको दुर्घटना पनि अधिक हुने गरेको छ। गत असारदेखि यता जिल्लामा २६ वटा दुघर्टनामा ३९ वटा सवारी साधन क्षति भएका छन । जसमा १ महिलासहित १७ जनाको मृत्यु तथा ४ महिलासहित २५ जना घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

यसैगरी, वितग तीन वर्षमा कुल ९ सय ९४ वटा दुर्घटनामा भएका छन जसमा १ हजार ४ सय २ सवारी साधन क्षति भएको तथ्यांक छ। यी दुर्घटनामा मोटरसाइकल ६ सय २९, त्यसपछि क्रमशः बस, काररजीप, ट्रकलगायतको संख्या अधिक छ ।

ट्राफिक प्रहरीका अनुसार आव ०७४र७५ मा ५०३, आव ०७३र७४ मा ५ सय १५ र ०७२र७३ मा ३ सय ८४ सवारी साधन दुर्घटनामा परेका थिए। जसमा २६ बालबालिका र २५ महिलासहित ४ सय ५९ को मृत्यु भएको थियो। यसैगरी, १ सय ७८ बालबालिका र ३ सय २९ महिलासहित १ हजार ७३८ जना घाइते भएका थिए । ती दुर्घटनामा ४१ पशुचौपाया मरेका थिए भने ९८ वटा घाइते भएका थिए ।

सवारी दुर्घटनासँगै धनजनको क्षति बढेपछि त्यसलाई न्यूनीकरण गर्न ट्राफिक प्रहरीले जनचेतना र कारबाही प्रक्रिया अगाडि बढाइरहेको छ ।

साउन र भदौ महिनामा मात्रै १ हजार ९ सय ७९ मोटरसाइकल, ८ सय ७५ ट्रक ६ सय ६५ कार/जीप, ५ सय ४५ बस, ४ सय ३७ ट्र्याक्टर र १ सय ९९ अन्य गरी कुल ४ हजार ८ सय सावारी साधन कारबाहीमा परेका छन ।


## २०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू:

☐ जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने, ☐ क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने, ☐ सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## २४सै घण्टा तपाईहरुको सेवामा

**हाम्रा सेवाहरु:**
छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) -प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) -प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन

**स्पोर्ट सेवाहरु:**
इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार




एम्बुलेन्स सम्पर्क: ९८४२४०४८०४,
*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन) जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

## माता मनकामना पोलिकिलनिक




सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००

## सप्तकोशी नगरपालिकाको अनुरोध

- सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ ।
- शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
- आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
- शहरलाई प्लाष्टीक र प्रदुषणयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ । कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्रयोग गरौ ।
- समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔ ।
- नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
- आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
- सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विक्री वितरण समेत नगरौ ।
- सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
- सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**सप्तकोशी नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**

## बेलका नगरपालिकाको अनुरोध

- नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
- व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाउ ।
- आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
- घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
- नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरू समयमै वुझाई नगरको विकासमा सहयोग पुर्‍याऔं ।
- आफना चौपायहरू जथाभावी छाडा नछाडौं ।
- अशुरक्षित खाद्य पदार्थ सेवन नगरौं साथै विक्री वितरण समेत नगरौं ।
- सार्वजनिक सम्पत्तिहरूको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौं, रोगबाट बचौं ।
- सभ्य नागरिक वनौं , वन्न सिकाऔं र सभ्य नगरपालिका वनाऔं ।

**बेलका नगरपालिकाको कार्यालय,**
**१ नं. प्रदेश, उदयपुर**


प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार शाखा प्रमुख: शंकर केशी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ९८०७७५३२०२, धरान सम्पर्क: ९८०३८१९७२१ Email:,publicnews8@gmail .com, Web site: www .janatimes .com, मुद्रण: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स
JANATA TIMES WEEKLY

सम्पादकीय....................

# कृषि प्रदेश २ को आर्थिक स्रोत

प्रदेश नम्बर २ सप्तरीदेखि पर्सासम्म ८ जिल्लामा फैलिएर बनेको छ । यस प्रदेशको आर्थिक स्रोत भनेकै कृषि र उद्योग हो । तर प्रदेशको यो आर्थिक स्रोतको समूचित विकास हुन नसक्दा यहाँका जनताले आर्थिक लाभ लिन सकेका छैनन् ।

प्रदेश २ को विकासको आधार कृषि हो । यहाँको उत्पादनले सिंगो मुलुकलाई खान पुग्छ । भारतका पञ्जाब र हरियाणाजस्ता र ाज्यको मोडलमा यहाँको कृषिलाई विकसित गर्न प्रदेश सरकारले अभ्यास शुरू गर्नु पर्दछ । यहाँको सिँचाइ अभाव, प्राविधिक ज्ञान र सीपको कमीलगायत समस्या हल गर्न प्रदेश सरकार जिम्मेवार हुनु पर्दछ ।

गत पुसमा राष्ट्रिय योजना आयोगले सार्वजनिक गरेको नेपाल बहुआयामिक गरिबी सूचकांक, २०७४ अनुसार प्रदेश २ को ५० प्रतिशत जनसंख्या अझै बहुआयामिक रुपमा गरिब छन् । उनीहरुको जीवन धेर प्रकारका वञ्चितीकरणबाट प्रभावित भइर हेको छ । सो सूचकांकले राष्ट्रिय रुपमा भने २८ दशमलब ६ प्रतिशत नेपालीलाई बहुआयामिक रुपमा गरिब देखाएको छ । यो स्थिति सुधार गर्न कृषीलाई जोड दिनु वाञ्छानिय हुने छ ।

## ☎ जरुरी टेलिफोन ☎

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१–५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# पशुमुत्रको उचित स्याहार : दिगो कृषिको मूल आधार

डा. श्रीभगवान ठाकुर



पृष्ठभूमिः

हरित कान्तिको आगमनसँगै कृषि क्षेत्रमा उत्पादन वृद्धिका लागि धेरै मात्रामा आयातित स्रोतहरूको प्रयोगको शुरूआत भएको छ। खाद्यान उत्पादन बढाउनको लागि जथाभावी रूपमा र ासायनिक मल, विषादी, सुक्ष्म तत्व, आदिको प्रयोग हुन लाग्यो। जनसंख्या बृद्धिसँगै कृषि कार्य व्यवसायिक रूपमा वढ्दै जाँदा यी आयातित वस्तुको प्रयोगमा तिब्रता आएको तथा रोग र कीराको प्रकोप पनि बढ्दै गएको छ। रोग र कीराले मात्रै कृषि बालीमा २५ देखि ३० प्रतिशतसम्म उत्पादनमा ह्रास ल्याउँछ । जनसंख्या वृद्धि, जलवायु परिवर्तनले वातावरण र कृषि उत्पादक्त्वमा पारेको नकरात्मक प्रभाव, खाद्यान संकट, युवा विदेश पलायन जस्ता समस्याहरूले कृषिक्षेत्र अति नै प्रभावित भएको छ।

ती रासायनिक वस्तुहरूको प्रयोगले कृषि उत्पादनमा त क्षणिक वृद्धि हुन्छ तर विशेष गरेर र ासायनिक विषादीको प्रयोगले मानिस र पशुवस्तुको स्वास्थ्य तथा वातावरणमा भने नकारात्मक असर पारिरहेको छ। यी रासायनिक विषादी अनियन्त्रित र जथाभावी रूपलेप्रयोग गर्दा उत्पन्न हुने समस्या कृषकहरूले पनि भोग्दै आएका छ। रासायनिक विषादीको प्रयोगलाई न्यूनिकरण गर्दै एवं रोग कीर ाकोएकीकृत व्यवस्थापनलाई पनि सँगैसँगै लाने क्रममा जैविक वा वानस्तीक विषादीको अवधारणा आएको छ। केहि कृषकहरूले रासायनिक विषादीको नकार ात्मक असरबारे ज्ञान भै सकेकोले आफ्नै घरवरिपरि पाइने बनस्पति र जैविक बस्तुको प्रयोग गरि रोग किरा व्यवस्थापन गर्न सकिन्छ। यति मात्र नभै हाम्रा पूर्वजहरूले प्रयोग गर्दै आइरहेका प्रविधिहरू पनि र ोग कीरा व्यवस्थापन गर्न उपयुक्त मानिएको छ। यी तरिकाहरूले मानव स्वास्थ्य तथा वातावरणमा नकार ात्मक असर कम गर्न सकिन्छ।

अर्को तर्फ, गाईवस्तुको गहुँत र गोबरको समुचित व्यवस्थापन न हुँदा लाखौं रूपैया बरावरको बोट विरूवाका आवश्यक तत्वहरू खेर जाने र जलवायु परिवर्तनलाई सहयोग पुचाउने हरित गृह ग्याँस उत्सर्जन बढाउने कार्य भइरहेको छ। गाईवस्तुको गोबर भन्दा बढी शक्तिशाली पिसाबलाई समुचित व्यवस्थापन गर्न टड्कारो देखिन्छ।

**पशुवस्तुको पिसाबको महत्वः**

गाईको गहुँतमा भएको विभिन्न रसायनहरू ( क्रियाटीनिन, सल्फर, कार्बोलिक एसिड, फेनोल, केही लवण, भिटामीन आदि) मा एन्टिब्याक्टेरियल, एन्टिफंगल, एन्टिभाएरल, एन्टिक्यान्सर, भोक बढाउन एवं पाचन, रगत, पिसाब, प्रजनन (यौन दुर्बलता) सम्बन्धी समस्या समाधान गर्ने गुणहरू पाईन्छन्। धार्मिक साँस्कृतिक हिसावले पनि गोमुत्रको अति नै महत्व रहको छ।

नेपालमा करीब गाई भैंसीको संख्या१ करोड २५ लाख २५ हजार ४ सय ८५ रहेको छ ( पशु सेवा विभाग २०७४/७५)।साधारणतया एउटा गाईवस्तु ( ३०० किलो वजनको) १ दिनमा सरदर १८(२० लीटर पिसाव गर्छन तर कृषकको घरमा साना ठूला गरी सरदर प्रति दिन ४ लिटरका दरले अनुमान गरेर हिसाब गर्दा पनि नेपालमा ५० हजार मे.टन पिसाब निस्किन्छ।। पिसाबमा सरदर १(२ प्रतिशत नाइट्रोजन पाइन्छ। तर औसतमा १.५ प्रतिशत मात्र मानेर हिसाब गर्दा पनि मोटामोटी ७५ हजार मे. टन भन्दा बढी नाइट्रोजन अर्थात १ लाख ६० हजार मे.टन बर ाबरको युरिया हुन आउँछ।

**मलको स्थितिः**

पशुमुत्र संकलन एवं सदुपयोगको अभावमामुत्रमा पाईने विरूवालाई चाहिने नाइट्रोजन नोक्सान भैर हेको अवस्था एकातिर छ भने अर्कोतिर बाली बिरूवालाई चाहिने खाद्यतत्वहरूमध्ये सबभन्दा बढी नाइट्रोजन तत्व बाहिरबाट बर्षेनी आयात गर्नु परेको छ । रासायनिक मल हालसम्म नेपालमा बन्न नसकेकाले विदेशबाट आयात गर्नु पर्ने, अन्य तत्वहरू जस्तो यो स्थिर भएर रहन नसक्ने अवस्थामा बालीविरूवालाई चाहिने नाइट्रोजन पूर्तिका लागि युरियार डी.ए.पी. बाहिरबाट आयात गर्न सरकार तथा किसानहरूलाई धौ(धौ परेको छ।२०७३/२०७४ मा नेपालमा २०७३/२०७४ मा १ लाख १६ हजार ६ सय ३२ मे. टन यूरिया प्रयोग गरिएको थियो र यस आ.व.२०७५/२०७६मा १ लाख मे.टन ( ४६,००० मे.टन नाइट्रोजन) आयात गरिने योजना रहेको छ।

तर धेरैजसो गाई भैंसीको मुत्रबाट पाइने नाइट्रोजनमध्ये ८०(९०% त्यसै उडेर खेर गएको छ । गाई भैंसीको गहुँतलाई सकंलन र प्रयोग गर्न सकेमा यसबाट प्राप्त हुने नाइट्रोजन विदेशबाट आयात गरिएको युरियाको तुलनामा सस्तो र प्रभावकारी हुन्छ । त्यसैले रासायनिक मलको असन्तुलित प्रयोगबाट मानव तथा वातावरणमा हुने नकारात्मक असरबाट बच्न पशुमुत्रमा भएको नाइट्रोजन बचाउन र सदुपयोग गर्नमा ध्यान दिनु जरूरी छ। अतः गाईवस्तुको गहुँतलाई समुचित संकलन तथा प्रयोगबाट स्वस्थ्य बालीनाली उत्पादनमा बृद्धि तथा वातावरण जोगाउनमा समेत सहयोग पुऱ्याई जलवायु परिवर्तनको असर कम गर्न सकिन्छ।

पशुमुत्रको संकलन तथा प्रयोगबाट फाईदाः

क) युरीया मलमा पाइने नाइट्रोजन तथा म्युर ेट अफ पोटासमा पाइने पोटास सजिलै परिपूर्ति गरी ठूलो रकम बिदेशिनबाट जोगाउन सकिने,

ख) पशुमुत्रबाट वानस्पतिक विषादी बनाएर बालीनालीको रोग कीरा व्यवस्थापन तथा सुक्ष्मतत्वको पूर्ति गर्न सकिने

ग) रासायनिक मल तथा विषादीको मात्रा घटाई उत्पादन लागत घटाउन सकिने,

घ) गाईवस्तुको भकारो सफा भई रोगव्याधि कम हुने र दूधको उत्पादन बढने,

ङ) बालीविरूवामा प्रयोग गर्दा पिसाबसंगै सिंचाई पनि हुने

च) गोबर ग्याँसमा प्रयोग गर्दा मिथेन ग्यास बढी उत्पादन हुने,

छ) गोठेमलको गुणस्तर बढाउन सकिने।

**पशुमुत्र र यूरीयाको तुल्नात्मक हिसावः**

नेपालमा मध्यम किसान परिवारमा सरदर ५( ६ वटा (वयस्क र बच्चा) गाईवस्तुको हिसाव गर्दा, उक्त गाईवस्तुबाट प्रति दिन सरदर २० लीटर र प्रति महिना ६०० लीटर प्राप्त हुन्छ र उक्त पशुमुत्रबाट प्रति दिन ३०० ग्राम र प्रति महिना ९ किलो नाइट्रोजन जुन प्रति महिना लगभग २० किलो यूरीयाको बरावर हुन्छ। यसरी हिसाव गर्दा १.५किलो नाइट्रोजन १०० लीटर पिसावबाट पाईन्छ र१ किलो युरियामा ४६ प्रतिशत नाइट्रोजन पाईन्छ भने, १ किलो युरियाको लागि ३१ लिटर पिसाब जम्मा गर्नु पर्ने हुन्छ। अव साधारणतया डेढ कठा वा १ रोपनी तरकारी खेती गर्ने कृषकलाई ११.५ किलो युरिया आवश्यक पर्दछ भने उक्त कृषक परिवारलाई ३५७ लीटर पशुमूत्र संकलन गर्नु पर्दछ। सो युरिया पूर्ति गर्न प्रति कृषक १ गाईवस्तु पाल्नेले १५२ दिन ( ५महिना) र ५ पाल्नेले जम्मा १७ दिनमा पूर्ति गर्ने हुन्छ। यस्तै १ बोरा युरीयाको लागि १,५३३ लीटर पिसाव जम्मा गर्न ५ वटा गाईवस्तु पाल्ने कृषकलाई २.५ महिना लाग्ने हुन्छ। उक्त कृषकले अरू तत्वहरू बाहेक सरदर २.५ महिनामा प्रति बोरा रू. १,२०० का दरले युरीयाबाट बचाउदा प्रति वर्ष ५ बोरा युर ीया बरावर नाइट्रोजन पाउँदा वर्षमा रू. ६हजार सम्म बचाउन सकिन्छ।

**गाईवस्तुको पिसाब संकलन तथा संरक्षण गर्ने तरीकाः**

गाईवस्तुको पिसावलाई आफ्नो वरपर रहेको स्रोत साधन तथा क्षमता अनुसार निम्न तरीकाले मूल्यवान पिसाव संकलन तथा संरक्षण गर्न सकिन्छ ।

- भकारोको भूईंलाई सिमेन्टद्वारा पक्की बनाई मूत्र संकलन ट्यांकी बनाएर,
- पाइपबाट प्लाष्टिक ट्यांकीमा जम्मा गरेर,
- गोठभित्र सानो खाल्टो बनाएर,
- गोठमा बाक्लो सोस्ने सोतर प्रयोग गरी मुत्रको संरक्षण गरेर।

गाईवस्तुको गहुँत प्रयोग गर्ने तरीकाः

रोग कीरा व्यवस्थापन तथा विरूवालाई पोषकतत्व पूर्तिको लागि किसानहरूले प्रयोग गर्दै आईरहेको तितो, पिरो, अमिलो, टरो वनस्पतिहरू ( नीम,बकाईनो, असुरो, तितेपाती, आँख, हरो, बरो, लसुन, प्याज, खुर्सानी, आदि) पिसावमा मिसाई वानस्पतिक विषादीः गितीमल, चिया मल, आदि स्थानिय तरिकाबाट बनाएर प्रयोग गर्न सकिन्छ। साधारणतया १५ दिन अवधि पुगेका पशुमुत्र विरूवाको अवस्था हेरि १ भाग मुत्रमा ४ भाग, ६ भाग र ८ भागपानी मिसाएर प्रयोग गर्न सकिन्छ। यसलाई गोबरग्यासमा, थोपा सिंचाईमा, स्प्रीङ्लर मा पनिप्रयोग गर्न सकिन्छ।

**गोठको पक्की भूइँ तथा पिसाव टंकी बनाउन लागत खर्चः**

पाँचवटा गाईवस्तुको लागि पक्की भूइँको खर्च आंकडा गर्ने हो भने सिमेन्ट ३ बोरा रू.३,०००, बालुवा ९ बोरारू. ४५०, गिट्टी १८ बोरा रू. १,२५०, ढुंगा २५ टोकरी रू. १,५००,मिस्त्री खर्च रू. २,००० र श्रमिक (४ जना) खर्च रू. २,००० गर्दा जम्मा लागत रू.१०,२०० मा तयार हुँदा १० वर्ष आयु हुने । त्यस्तै पिसाव संकलन गर्नका लागि प्लाष्टिक पाइप २(३ मी. रू.२००, प्लाष्टिक ट्यांकी १०० लिटर रू.१०००वा पक्की ट्यांकी (१ह्१ह्१मि.) रू.१,००० गरी रू.२,२०० खर्च हुदाँ कुल लागत रू.१२,४०० मा गोठको पक्की भूई बनाउन सकिन्छ। यो खर्च १० बोरा युरीया बराबरको हुन आउँछ र जुन २ वर्षको पिसाव जम्माबाट प्राप्त गर्न सकिन्छ।

अतः नेपालको समृद्धिको नारालाई साकार पार्न गरीवी न्युनीकरण, खाद्य सुरक्षा र जलवायु परि वर्तनका असर न्यूनीकरणका लागि कृषिक्षेत्रलाई दिगो बनाउन अति नै आवश्यक रहेको छ। अब सबै तहबाट दिगो कृषिको लागि मानव पशुस्वास्थ्य तथा वातावरण संरक्षण गर्नका साथै देशको ठूलो रकम बिदेशिनबाट रोक्न पशुमुत्रको समुचित संकलन तथा सदुपयोगमा ध्यान जानु जरूरी देखिन्छ। यसका लागि विशेष किसिमको कार्यक्रम "पशुमुत्रको उचित स्याहारः दिगो कृषिको मूल आधार" नारा बनाई बृहत रूपमा स्थानीय सरकारको नेतृत्वमा प्रदेश सरकार तथा संघीय सरकार तथा अन्य दातृ संस्थाको सहयोगमा संचालन गर्नु अति नै आवश्यक देखिन्छ ।(मधेश दर्पण फिचर सेवा)

# गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र अस्तव्यस्त

सप्तरी / सप्तरीको रुपनी गाउँपालिका-५ स्थित गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र एदोगविहीन बनेको छ।

१० वटा औद्योगिक सेड रहेको उक्त क्षेत्रमा ७ वटा सेड अहिले पनि उद्योगविहिन छन्। उद्योग सञ्चालनका लागि अहिलेसम्म कुनै प्रयास भएका छैनन्।

सञ्चालनमा रहेका ३ वटा उद्योगलाई पनि पानी, बिजुली, सुरक्षा लगायतको समस्याका कारण दैनिक सुचारु राख्न समस्या रहेको सञ्चालकहरु बताए। उक्त औद्योगिक क्षेत्रमा मिलन डेरी उद्योग, कोशी पोलीमर्स उद्योग तथा महालक्ष्मी पेट इन्डष्ट्रिज गरी तीन उद्योग सञ्चालमा छन्।

औद्योगिक क्षेत्र व्यवस्थापनले गर्नुपर्ने सामान्य पानीको व्यवस्था पनि नगरि दिएका कारण उत्पादनमा कठिनाइ परिरहेको मिलन डेरी उद्योगका सञ्चालक मिलन सिंहले गुनासो गरे।'

सञ्चालक सिंहले पानीसमेत बाहिरबाट ढुवानी गर्नुपर्ने भएपछि उत्पादन लागत बढ्ने र उत्पादित सामानको मूल्य स्वतः बढेपछि बिक्री कम हुने समस्याले आजित भएको दुखेसो पोखे। उत्पादन नियमित राख्न महिनाको करिब ५० हजार रुपैयाँभन्दा बढी लागत पानीकै लागि खर्च गर्नु परिरहेको उनले सुनाए। 'यसरी नोक्सानी ब्यहोरेर कति दिनसम्म उद्योग चलाउनु ?' सिंहले प्रतिप्रश्न गरे।

बाहिरबाट दुध ढुवानीका लागि प्रयोग हुने ट्यांकर र ड्राइभरलाई पानी ओसार्नकै लागि लगाउन थालिएपछि त्यसको प्रत्यक्ष प्रभाव कारोबारमा परिरहेको उनले बताए। सिंहले उद्योग सञ्चालकहरुको समस्याप्रति सरकार मुकदर्शक बनेको भन्दै आक्रोससमेत पोखे।

उद्योग प्रवद्धननका लागि सरकारले आधारभुत व्यवस्था पनि नमिलाउँदा उद्योग चलाउन समस्या परिरहेको कोशी पोलिमर्सका प्रोप्राईटर प्रमेश यादवले बताए। उनले भने, 'यस्तै हो भने जुनसुकै बेला उद्योग बन्द गर्नुपर्ने अवस्था आउन सक्छ।'

यतिमात्रै होइन, औद्योगिक क्षेत्रमा विद्युत आपूर्तिको समस्या पनि यथावत छ। वरपर पर्खाल (कम्पाउन्ड वाल) निर्माण नहुँदा औद्योगिक क्षेत्र गौचरणमा परिणत भएको छ भने सामान्य वर्षामा पनि औद्योगिक क्षेत्र डुबानमा पर्ने समस्याले उद्योगीहरु आजित छन्।

सरकारले औद्योगिक सुरक्षा बलको हालसम्म व्यवस्था गर्न नसक्दा नयाँ उद्योगीहरु लगानी गर्न हिच्किचाई रहेका छन्। पुराना उद्योगीहरुले समेत असुरक्षा महसुस गरिरहेको बताउँदै आएका छन्।

औद्योगिक क्षेत्रको अव्यवस्था र अस्तव्यस्तता विरुद्ध गत भदौको पहिलो साता उद्योगी र व्यवसायीले आन्दोलन पनि गरे। सरकारी उपेक्षा र रेखदेखको अभावमा औद्योगिक क्षेत्र लथालिंग भएको भन्दै औधोगिक क्षेत्र कार्यालयमा तालाबन्दी सहित गरिएको आन्दोलनले पनि कुनै प्रतिफल दिन सकेन।

आन्दोलनपश्चात् भदौ १५ भित्र उद्योगीको मागलाई सम्बोधन गर्न सामूहिक पहल गर्नेगरी रुपनी गाउँपालिकाका अध्यक्ष हरेराम यादवसँग लिखित सहमति पनि भयो। तर, हालसम्म सहमति अनुसारको काम र औद्योगिक क्षेत्रको समस्या भने समाधान नभएको उद्योगी सिंह बताउँछन्।

औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका प्रमुख दिपक आचार्यले भने पानी, बिजुली, पर्खाल लगायतका समस्या समाधानका लागि पहल भइरहेको भन्दै भौतिक पूर्वाधार मर्मतको कार्य भने माथिल्लो निकायको निर्देशनअनुसार काम अघि बढ्ने स्पष्ट पारे।

भारत सरकारको सहयोगमा २०४४ सालमा स्थापित यो औद्योगिक क्षेत्र २०५१ सालमा नेपाल सरकारलाई हस्तान्तरण गरिएको हो। सप्तरी सदरमुकाम राजविराजबाट चार किलोमिटर उत्तर रुपनी गाउँपालिकामा अवस्थित यो औद्योगिक क्षेत्र झन्डै २२ बिघा (२ सय ९४ रोपनी) क्षेत्रफलमा फैलिएको छ।

१० वटा उद्योग सञ्चालन गर्नसक्ने क्षमता रहेको यस औद्योगिक क्षेत्रमा बैंक भवन, हुलाक, स्वास्थ्य क्लिनिक भवन, चमेना गृह, गेस्ट हाउस, विद्युत, टेलिफोन लगायतका लागि आवश्यक सम्पुर्ण भौतिक पूर्वाधार उपलब्ध भए पनि हाल सञ्चालनमा भने छैनन्।

# बढि तनाव छोटो आयु

जो मानिस धेरै तनाव लिएर बाँचिरहेका छन, उनीहरु सजग हुनुपर्ने बेला आएको छ। यदि तपाईं धेरै तनाव लिएर जीवन जिउँदै हुनुहुन्छ भने तपाई ५० वर्ष नपुग्दै तपाईंको स्मरण शक्तिमा ह्रास आउनुका साथै मष्तिष्क संकचुन पनि गराइदिने एक अध्ययनले बताएको छ।

यो अध्ययन जर्नल न्युरोलोजीमा प्रकाशित भएको हो। युटी हेल्थ स्यान एन्टानियोकाका न्युरोलोजी प्रोफेसर डा.सुधा सेसाद्रीका अनुसार अध्ययनमा युवा उमेरमै स्मरण शक्ति घट्नुका साथै मष्तिष्क संकुचन भएको पाइएको छ।

त्यसैले तनवारहित जीवन जिउनको अर्को विकल्प छैन। उच्च मात्रामा रहेको कोर्टिसल नामक स्ट्रेस हार्मोनले मष्तिष्कको कार्य, आकारको अनुमान गर्ने गर्दछ।

कोर्टिसल हाम्रो शरीरको मुख्य स्ट्रेस हार्मोन हो जब हामी एकदम तनावमा हुन्छौं एड्रिनल ग्ल्यान्डले अझ धेरै कार्टिसल उत्पादन गर्छ। त्यो हार्मोनले शरीरका विभिन्न क्रियाकलापहरु बन्द गराइ जीवन जिउन अप्ठ्यारो पार्छ।

त्यसैले कोर्टिसलको मात्रा बढ्यो भने यसले शरीरले काम गर्न छोड्नुका साथै चिन्ता बढ्ने, मुटु रोग, टाउको दुख्ने, तौल बढ्ने, निद्रामा गडबडी हुनुका साथै स्मरण शक्ति र एकाग्रतामा पनि कमी ल्याउँछ। विज्ञहरुका अनुसार मष्तिष्कको विशेष तह कमजोर हुने हुनाले सबै पोषक तत्वहरुले यसलाई अनुकुल गर्न आवश्यक छ। केथ फोले भन्छन, 'मष्तिष्क एकदम भोको अंग हो यसलाई स्वस्थ्य बनाइरहन र राम्ररी सञ्चालन गर्न धेरै मात्रामा पोषक तत्व र अक्सिजनको आवश्यकता पर्छ।'

पहिलाका अध्ययनहरुले पनि कोर्टिसल र डिमेन्सिया(बिसिर्नेरोग) बीच सम्बन्ध रहने बताएका थिए। यसमा चाहिँ मुख्य गरी बुज्रुक र मेमोरी क्षेत्रबिचको अध्ययन गरिएको छ, जसलाई हिप्पोक्याम्पस भनिन्छ।

सेसाड्री भन्छन् अध्ययन ४८ उमेर हाराहारीका महिला र पुरुषमा गरिएको थियो। अध्ययनमा उनीहरुको हिप्पोक्याम्पस मात्र होइन, सम्पूर्ण मष्तिष्कको एमआरआइ पनि गरिएको थियो।

अध्ययनकर्ताहरुले डिमेन्सिया नभएका करिब दुई हजार जना मानिसहरुलाई मनोवैज्ञानिक परिक्षा दिन लगाएका थिए। जसमा उनीहरुको सोच्न शक्ति पत्ता लगाउन लिइएको थियो।

यो अध्ययन फ्रेमिङघम हर्ट स्टडीको को एक पाटो हो। आठ वर्षपछिको प्रारम्भिक परिक्षण पछि फेरि त्यो समुहलाई पुनः मुल्यांकन गरियो। ब्रेकफास्ट भन्दा अगाडी ब्लड सेरम कोर्टिसल जाँचियो। मष्तिष्कको एमआरआइ गरियो र मेमोरी टेस्ट पनि धेरै चोटी गरियो।

अध्ययनमा जब उमेर, लिंग, उचाइ तौल अनि धुमपान पनि जाँचियो र अध्ययनले के पत्ता लगायो भने उच्च मात्रामा कोर्टिसल भएका व्यक्तिमा स्मरण शक्ति कम हुने हुन्छ।

फोले भन्छन् म यो नतिजाबाट चकित भइँन किनकी जसमा उच्च मात्रामा कोर्टिसल छ उसलाई पक्कै पनि कुनै काम गर्न र बुझ्नमा कठिनाइ हुन्छ।

त्यसैगरी अध्यनयमा के पनि पाइयो भने कार्टिसलले मष्तिष्कको आकारमा पनि प्रभाव पर्ने देखायो। उच्च मात्रामा रहेको कोर्टिसल मष्तिष्कको क्षतिसँग जोडिएको थियो जुन मष्तिष्क -कोरोना रेडियता) र दिमागका दुई गोलार्ध(कोरस कोलासम) बीचको जानकारी दिन्छ।

त्यसैगरी उच्च मात्रामा कोर्टिसल भएका मानिसहरुमा थोरै सेरेब्रम्स रहेको पाइयो जुन मष्तिष्कमा सबै भन्दा धेरै मात्रामा पाइन्छ। यसले मानिसको भावना, बोली र मांसपेशीको कार्यका सहयोग पुर्याउँछ।

युवा उमेरमै तपाईंको मष्तिष्कको आकारमा परिवर्तन आउन थाल्छ भने तपाई सोच्नुस् तपाईलाई बुढेसकामलमा के होला। अध्ययनको रोचक पाटो के छ भने उच्च मात्रामा हुने कोर्टिसलले महिलाहरुलाई प्रभाव पारेका देखायो पुरुषमा होइन। एस्ट्रोजनले कोर्टिसल बढाउँछ, डा.रिचार्ड आइज्याकसन बताउँछन्। अध्ययनमा ४० प्रतिशत महिलामा त्यस्तो पाइयो।

सेसाड्री भन्छन् अध्ययनले हार्मोन रिस्पेल्समेन्ट थेरापीलाई प्रयोगमा ल्यायो। सेसाड्री भन्छन, 'अध्ययनको नतिजाले सम्बन्ध देखाएको छ कारण होइन। उच्च मात्राको कार्टिसल र डिमेन्सियाबीचको विस्तृत अध्ययन हुन जरुरी छ।' उनले मानिसहलाई जीवन तनावरहित बनाउन जीवनशैलीमा परिवर्तन ल्याउनु पर्नेमा जोड दिइन्।

फोले सहमति जनाउँछन्, 'हामी उदाहरणको रुपमा हेर्न सक्छौं। जो मानिस नियमित व्यायाम गर्छ, उसलाई डिमेन्सिया हुने सम्भावना एकदम कम हुन्छ। त्यसैले केही समय आफ्नो लागि छुट्याउनुस्। मेडिटेशन गर्नुस्। तनाव हटाउन धेरै उपाय छन् जसले तपाईको जीवन सहज बनाउँछ।'



## तपाईंको यो साता

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):** आम्दानी बढ्ने छ। विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला। काम गर्ने जांगर र आत्मबल बढ्ला।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो):** मनमा उत्साह र हिम्मत बढ्नेछ। भेटघाटमा मन रमाउनेछ। खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन्।

**मिथुन (का,कि,कु,घ,ङ,छ,के,को,ह):** आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन्। शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो):** पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ। यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ। तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन्।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे):** मन प्रफुल्ल रहला। आफन्तजनबाट सहयोग मिल्न कठिन होला। एकाग्र भएर काम गर्न मुस्किल पर्ला।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो):** मनमा चंचलता बढ्नेछ। समय राम्रो छैन। साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला।

**तुला (रा,रि,रु,रे,रो,ता,ती,तु,ते):** प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला। समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू):** स्वास्थ्य सम्बन्धि समस्या आउने छ। मन दोधार होला।आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला।

**धनु (य,यो,भा,भी,भू,ध,फा,ढ,भे):** शैक्षिक क्षेत्रभने मध्यम रहला। सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला।समय मध्यम खालको छ।

**मकर (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी):** समय उत्तम खालको छैन। आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति नहोला।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द):** नयाँ र रमाइलो ठाउँको भ्रमण होला। सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला।

**मीन (दी,दू,थ,झ,ञ,दे,दो,च,ची):** पुराना साथीभाईहरुसित भेटघाट होला। व्यापार व्यवसायमा प्रगति होला।तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला। माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ।